हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही, मधेश प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९।०३।२८)**

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय कार्यक्रम हो। यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस कार्यक्रम अन्तर्गत **हरिवन** नगरपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासन उप स्रोत केन्द्र सञ्चालन गर्न तथा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | आप्रवासन उप स्रोत केन्द्र (परामर्शकर्ता) | १ | नेपाली नागरिक, १८ वर्ष पूराभई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्ष ननाघेको), न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको, कानून विषयमा शैक्षिक योग्यता प्राप्त तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको। साथै स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता दिईनेछ। |
| २ | मनोसामाजिक परामर्शकर्ता | १<br>(महिलालाई प्राथमिकता) | • नेपाली नागरिक, १८ वर्ष पूराभई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्ष ननाघेको), कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको। वा<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ। |
| ३ | वित्तीय साक्षरता सहजकर्ता | १ | • नेपाली नागरिक, १८ वर्ष पूराभई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्ष ननाघेको), न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता, सहकारी वा बैंक/वित्तीय संस्थामा २ वर्षको अनुभव भएको तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको।<br>वित्तीय साक्षरता तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ। |
| ४ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | नेपाली नागरिक, १८ वर्ष पूराभई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्ष ननाघेको), न्यूनतम १० कक्षा उत्तीर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ। |

**माथिका सम्पूर्ण पदहरु (रिटर्नी स्वयंसेवक बाहेक) का लागि ३ महिने कम्प्युटर तालिम लिएको हुनु पर्नेछ साथै उक्त पदहरुमा स्थानीयहरुलाई प्राथमिकता दिइने छ।**

**कार्य अवधि:** २०८० साल असार मसान्तसम्म

**परिक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।

**परिक्षाको दस्तुरः**

क) आप्रवासन उप स्रोत केन्द्र परामर्श कर्ता, मनोसामाजिक परामर्श कर्ता तथा वित्तिय साक्षरता सहजकर्ताको लागि रु. ७००।-

ख) रिटर्नी स्वयंसेकवको लागि रु. ३००।-

**पारिश्रमिक तथा सुविधा** : कार्यक्रमको नियमानुसार।

**दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु :** उम्मेदवारको वैयक्तिक विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित छाया प्रति, अनुभव प्रमाणपत्रको प्रमाणित छाया प्रति तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित छाया प्रति र पासपोर्ट आकारको दुई प्रति तस्वीर।

**दरखास्त दिने अन्तिम मिति :** २०७९।०४।१० गतेका दिन कार्यालय समयभित्र बुझाउनु पर्नेछ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

दरखास्त फारम इमेल (harionmunicipality@gmail.com) मार्फत पनि पठाउन सकिने छ।

परीक्षा दस्तुर नेपाल बैंक लिमिटेड, हरिवन, सर्लाही शाखामा हरिवन नगरपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता (खाता नम्वर ग-१-१ १३२०३०००००१००१०००००१) मा जम्मा गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत